# सूर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः२०८०/०९/०३

## भाग - २

## सूर्यगढी गाउँपालिका

सूर्यगढी गाउँपालिकाको एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा सूर्यगढी गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/०१

सम्बत २०८० सालको कार्यविधि नं. : ३

# एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (त) को व्यवस्था बमोजिम सूर्यगढी गाउँपालिकाभित्र रहेका एकल पुरुषहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्न सूर्यगढी गाउँपालिकाको आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम बमोजिम सूर्यगढी गाँउ कार्यपालिकाको मिति २०८०/०९/०१ गतेको निर्णय बमोजिम यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यबिधिको नाम "एकल पुरूष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "एकल पुरुष" भन्नाले पत्नीको मृत्यु भई अर्को विवाह नगरेको ५५ वर्ष पूरा भएको पुरूष तथा विवाह नगरेको ५५ वर्ष उमेर पुरा भएको पुरुषलाई सम्झनु पर्नेछ ।

ख) "गाउँपालिका" भन्नाले सूर्यगढी गाउँपालिका सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले सूर्यगढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ) "वडा कार्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू सम्झनु पर्दछ ।

ङ) अध्यक्ष' भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

च) "भत्ता" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको रकम सम्झनु पर्दछ ।

३. एकल पुरुष भत्ता पाउनेः

(१) यस कार्यविधिको अधिनमा रही देहाय बमोजिमका योग्यता पुगेका पुरुषहरू एकल पुरूष भत्ता पाउन योग्य हुनेछन्ः

क) नेपाली नागरिक,

ख) सूर्यगढी गाउँपालिकाको स्थायी बासिन्दा,

ग) पत्नीको मृत्यु भई अर्को विवाह नगरेको ५५ वर्ष उमेर पुरा भएको,

घ) ५५ बर्ष उमेर पुरा भएको अविवाहित,

४. एकल पुरुष भत्ता नपाउनेः

(१) दफा ३ बमोजिम योग्यता पुगेको भए तापनि देहाय बमोजिमका पुरुषहरूले एकल पुरूष भत्ता पाउन योग्य हुने छैनन्:

क) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित भएको,

ख) सरकारी कोषबाट निवृत्तीभरण पाइरहेको,

ग) प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिइरहेको।

५. भत्ता रकम र वितरणः

(१) एकल पुरूषले मासिक २०००।- (दुई हजार रूपैयाँ) का दरले भत्ता पाउने छ।

(२) उपदफा १ बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालयबाट अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा गरिनेछ।

(३) गाउँपालिकाको बैङ्किङ कारोबार रहेको शाखाको बैंङ्क खातामा भत्ता रकम भुक्तानी हुनेछ।

(४) भत्ता शुरु मिति निवेदन दिएको मितिले अर्को महिनाबाट शुरु हुनेछ।

६. निवेदन दिनुपर्नेः

(१) दफा ३ बमोजिमको भत्ता पाउन योग्य नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची- १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले देहायको कागजात प्रमाणित गरी संलग्न गर्नुपर्नेछ।

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

ख) पत्नीको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा अर्को विवाह नगरेको वडा कार्यालयको सिफारिस,

ग) अविवाहितको हकमा वडा कार्यालयको निज अविवाहित रहेको सिफारिस।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले पन्ध्र दिनभित्र संलग्न कागजातको छानविन गरी निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा एकल पुरुष भत्ता नपाउने देखिएमा वडा कार्यालयले निवेदकलाई कारण खुलाई लिखित जानकारी दिनुपर्ने छ ।

(५) उपदफा (३) बमोजिम छानविन गर्दा एकल पुरुष भत्ता पाउने देखिएमा वडा कार्यालयले प्राप्त भएको त्यस्तो विवरण वडा अध्यक्षबाट प्रमाणित गरी वडा कार्यालयको सूचना पाटीमा टाँस गरी गाउँपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ ।

७. परिचयपत्र दिनुपर्नेः

(१) यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता पाउने नागरिकलाई गाउँपालिकाले अनुसूची-२ बमोजिम परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलिएका नागरिकले एकल पुरुष भत्ता पाउने छैन।

(३) उपदफा (१) बमोजिम प्राप्त परिचयपत्र हराएमा वा प्रयोग गर्न नमिल्ने भएमा रु. १०० (सय) दस्तुर संलग्न गरी अनुसूची-३ बमोजिमको निवेदन दिई प्रतिलिपि प्राप्त गर्न सकिनेछ।

८. अभिलेख राख्नुपर्नेः

(१) वडा कार्यालयले दफा ६ बमोजिम परेका निवेदनको अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा राख्नुपर्नेछ । दफा १० बमोजिम प्राप्त नवीकरण निवेदनउपर समेत कारवाही गरी वडा कार्यालयले अनुसूचीमा नयाँ निवेदन र नवीकरणको कैफियत खोली आर्थिक वर्ष सुरू भएको १ महिनाभित्र कार्यालयमा अभिलेख प्रमाणित गरी पठाउनु पर्नेछ । सोको प्रति वडा कार्यालयको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम एकल पुरूष भत्ताको अभिलेख कार्यालयले सबै वडा कार्यालयहरूबाट प्राप्त अभिलेख एकीकृत गरी अनुसूची-५ बमोजिमको ढाँचामा राख्नु पर्नेछ। उक्त अभिलेख प्रमाणित गरि कार्यालयको सूचनापाटी तथा वेबसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

९. अभिलेखबाट नाम हटाउनेः

देहायको अवस्थामा कार्यालयले एकल पुरुष भत्ता पाउने नागरिकको नाम अभिलेखबाट हटाउनेछः

क) एकल पुरुषले विवाह गरेमा,

ख) बसाइ सरी अन्यत्र गएमा,

ग) प्रचलित कानून बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिएमा,

घ) कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित वा मनोनित भएमा ।

ङ) कुनै सरकारी कोषबाट पारिश्रमिक वा कुनै प्रकारको भत्ता प्राप्त गर्ने भएमा ।

च) र निजको मृत्यु भएमा।

१०. नवीकरण गर्नुपर्नेः

(१) यस कार्यविधि बमोजिम भत्ता पाउने एकल पुरुषले प्रत्येक श्रावण महिना भित्र अनुसूची-६ बमोजिमको ढाँचामा नवीकरणका लागि सम्बन्धित वडा कार्यालय समक्ष देहायका कागजात प्रमाणित गरी संलग्न राखी निवेदन दिनुपर्नेछ ।

क) एकल पुरूष परिचयपत्रको प्रतिलिपि,

ख) पत्नीको मृत्य भएको हकमा अर्को विवाह नगरेको बडा सिफारिस,

(ग) अविवाहितको हकमा हालसम्म अविवाहित रहेको सिफारिस।

(२) वडा कार्यालयले आर्थिक वर्ष सुरू भएको १ महिनाभित्र अनुसूची ४ बमोजिमको ढाँचामा नवीकरण अभिलेख प्रमाणीत गरी गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

११. कसुर गरेको मानिनेः

(१) कसैले विवरण ढाँटी यस कार्यविधि बमोजिम एकल पुरूष भत्ता लिएमा कसुर गरेको मानिनेछ ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिले लिएको रकमलाई बिगो कायम गरी सो असुल गरी बिगो बराबरको जरिवाना हुनेछ ।

१२. अनुगमन सम्बन्धी व्यवस्थाः एकल पुरुष भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन अध्यक्ष वा निजले तोकेको गाउँपालिकाको कुनै सदस्य वा कर्मचारीले गर्नेछ ।

१३. संशोधनः गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१४. बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**एकल पुरुष भत्ताको नाम दर्ताका लागि दिइने निवेदनको ढाँचा**

मितिः...............................

श्री वडा अध्यक्षज्यू,
...... नं वडा कार्यालय,
सूर्यगढी गाउँपालिका, .......................... नुवाकोट।

**विषयः <u>नाम दर्ता गरिदिने सम्बन्धमा।</u>**

म निवेदक एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८० को दफा ३ बमोजिम भत्ता पाउनका लागि योग्य भएकोले एकल पुरुष भत्ता पाउने सूचीमा नाम दर्ता गरिदिनुहुन देहायको विवरण सहित यो निवेदन पेश गरेको छु।

नाम थरः ...........................................................................................................................

बाबु / आमाको नाम थरः .............................................................................................

जन्म मितिः ......................................................................................................................

स्थायी ठेगानाः सूर्यगढी गाउँपालिका वडा नं. ............, ................................................, नुवाकोट।

ना.प्र.प.नं. ..................................................... जारी मितिः ................................................

पत्नीको नाम थरः ............................................................................................................

पत्नीको मृत्यु भएको मितिः ....................................................... मृत्यु दर्ता नं. ........................

मृत्युदर्ता जारी गर्ने निकायः ..............................................................................................

**<u>अविवाहितको हकमा</u>**

दर्ता नं.................................................... दर्ता मितिः...............................

**<u>संलग्न कागजातः</u>**

१. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि प्रतिलिपि
२. पत्नीको मृत्युदर्ताको प्रमाणित प्रतिलिपि / अविवाहित वडा सिफारिस
३. फोटो ३ प्रति

(म यस कार्यविधिको दफा ४ बमोजिम अयोग्य नभएको प्रमाणित गर्दछु साथै दफा ४ बमोजिम अयोग्य ठहरेमा वा मैले पेश गरेको विवरण झुठा ठहरेमा यस कार्यविधिको दफा ११ बमोजिम तथा प्रचलित कानून बमोजिम सजाय पाउन मञ्जुर छु।)

....................................

निवेदकको हस्ताक्षर

**<u>सम्बन्धित वडा कार्यालयले भर्नेः</u>**

निवेदन दर्ता नंः...........................................     दर्ता मितिः.........................................

रूजु गर्नेको नाम थरः ..................................     पदः.................................................

रूजु गर्नेको सहीः..........................................

**<u>गाउँ कार्यापालिकाको कार्यालयले भर्नेः</u>**

नाम दर्ता गर्ने निर्णय मितिः..........................     विवरण भर्नेको पदः.............................

परिचय पत्र नं.:.......................................     नाम थरः .......................................

भत्ता पाउने आ.व......................................     कार्यालयको छापः..............................

अनुसूची २

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**परिचय-पत्रको ढाँचा**

सूर्यगढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चोकदे, नुवाकोट

**<u>एकल पुरुष परिचय-पत्र</u>**

फोटो

परिचयपत्र नं.................................................

नाम थरः.....................................................

ठेगानाः सूर्यगढी गा.पा. वडा नं........, ...................

नागरिकता प्र.प.नं. ..........................................

बाबुको नाम थरः ............................................

आमाको नाम थरः ..........................................

जन्म मितिः...................................................

प्रमाणित गर्नेको दस्तखतः

नाम थरः......................................

पदः.............................................

मितिः...........................................

नविकरण सम्बन्धि विवरण

| नविकरण मिति | नविकरण अवधि | विवरण भर्ने कर्मचारीको नाम | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भत्ता लिन आउँदा यो कार्ड साथै लिई आउनु पर्नेछ।

अनुसूची ३

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

**परिचयपत्रको प्रतिलिपि माग निवेदनको ढाँचा**

मितिः...................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सूर्यगढी गाउँ कार्यपालिकाको कार्यालय,
चोकदे, नुवाकोट।

**विषयः एकल पुरूष परिचयपत्रको प्रतिलिपि पाउँ ।**

म देहायको विवरण भएको एकल पुरूप परिचयपत्र वाहकको परिचयपत्र हराएको / नष्ट भएको हुँदा एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८० को दफा ७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क तिरी सोको रसिद र तपसिल बमोजिमका कागजातसमेत संलग्न राखी एकल पुरूष परिचयपत्रको प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

नामः ...................................................................

परिचयपत्र नं. ......................................................

ठेगानाः..................................................................

सम्पर्क नं...............................................................

**संलग्न कागजातः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) एकल पुरुष परिचयपत्रको प्रतिलिपि
(ग) फोटो १ प्रति

.........................
निवेदकको दस्तखत

अनुसूची ४

दफा ८ को उपदफा (१) सँग सम्बन्धित

**एकल पुरुष भत्ताका लागि प्राप्त/नविकरण निवेदनको अभिलेख ढाँचा**

सूर्यगढी गाउँपालिका वडा नं............

**एकल पुरुष भत्ताका लागि प्राप्त/नविकरण निवेदनको अभिलेख**

| क्र.सं. | निवेदकको नाम | ठेगाना | ना.प्र.प.नं. | ना.प्र.प. जारी मिति | दर्ता नं. | दर्ता मिति | दफा ३ बमोजिमको योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

वडा कार्यालयको सूचना पाटीमा टाँस गरेको मितिः...............................

प्रमाणित गर्ने वडा अध्यक्षको

नामः.............................................

दस्तखत र मितिः...............................

अनुसूची ५

दफा ८ को उपदफा (२) सँग सम्बन्धित

सूर्यगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, चोकदे, नुवाकोट।

**एकल पुरुष भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण**

| क.स. | लाभग्राहीको नाम | परिचयपत्र नं. | ठेगाना | भत्ता प्राप्त शुरु मिति | ना.प्र.प.नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>तयार गर्नेको दस्तखतः</u>

नामः...............................

पदः................................

<u>प्रमाणित गर्नेको दस्तखतः</u>

नामः...............................

पदः................................

अनुसूची ६

दफा १० को उपदफा (१) सँग सम्बन्धित

**नवीकरणको नवेदनको ढाँचा**

मितिः.....................

श्री वडा अध्यक्षज्यू,

........नं. वडा कार्यालय,

सूर्यगढी गाउँपालिका, ....................., नुवाकोट।

**विषयः एकल पुरूष भत्ताको लागि नवीकरण गरिपाउँ।**

म देहायको विवरण भएको एकल पुरुष परिचयपत्र बाहकले एकल पुरूष भत्ता प्राप्त गरिरहेको छु। एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८० को दफा १० को उपदफा (१) बमोजिमका कागजात संलग्न राखी आ.व........................... का लागि नवीकरण परिदिनुहुन अनुरोध गर्दछु।

नामः ......................................................

परिचयपत्र नं...............................................

ठेगानाः.......................................................

सम्पर्क नं....................................................

**संलग्न कागजातः**

(क) एकल पुरूप परिचयपत्रको प्रतिलिपि,

(ख) पत्नीको मृत्य भएको हकमा अर्को विवाह नगरेको वडा सिफारिस अविवाहितको हकमा हालसम्म अविवाहित रहेको वडा सिफारिस,

(ग) अविवाहितको हकमा हालसम्म अविवाहित रहेको वडा सिफारिस।

.........................

निवेदकको दस्तखत

आज्ञाले,

गणेशराम पोखरेल

प्रमुख प्रशासकीय अधिकृत